नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक ४० २०८० साल भदौ १९ गते मंगलबार (5 Sep. 2023 Tuesday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np




यस अंक भित्र : २ पृष्ठमा : भ्रष्टाचारको फाइल... ३ पृष्ठमा : संविधानअनुसार बन्न बाँकी ... ३ पृष्ठमा :नासाको स्पेसएक्स क्रू-६ छ...

# मधेश प्रदेशसभा सदस्य अनिरुद्ध सिंह पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १८ भदौं ।**

सप्तरी क्षेत्र नं. ४ (२) बाट मधेश प्रदेशसभा सदस्य पदमा निर्वाचित स्वतन्त्र सांसद अनिरुद्ध प्रसाद सिंह यादव कर्तव्य ज्यान तथा डाका मुद्दाको अभियोगमा सोमबार पक्राउ परेका छन् ।

घरबाट आफ्नो निजि प्रदेश २-०१-००१च०५०१ नम्बरको कार चढी सदरमुकाम राजविराज आएको बेला उनलाई सोमबार दिउँसो पक्राउ गरिएको प्रहरी उपरिक्षक नरेन्द्र कुमार कार्कीले जानकारी दिए । उनलाई नियन्त्रणमा लिइएको बारे तत्कालै प्रदेश सांसद सचिवालय तथा माथिल्लो निकायमा जानकारी गराइएको उनको भनाई छ ।

पक्राउ लगत्तै उनलाई हिरासतमा राखी अनुसन्धान गर्न अनुमतिका लागि सप्तरी



जिल्ला अदालतमा उपस्थित गराइएको थियो । अदालतले समय अभाव देखाउँदै मंगलबार उपस्थित गराउन आदेश दिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी नरेश कुमार सिंहले बताए ।

जनता समाजवादी पार्टीका स्थानीय प्रभावशाली नेता मानिएका उनलाई पार्टीले टिकट नदिएपछि उनी स्वतन्त्र उम्मेदवारी दिँदै निर्वाचित भएका हुन् ।

उनीमाथी सप्तरीको साविक खोक्सरप्रवाहा गाविस १ का ३२ वर्षीय गोविन्द चौधरीको कर्तव्य ज्यान तथा डाका मुद्दाको आरोप रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

मृतकका दिदी धनगढी गाविस ३ की रीताकुमारी चौधरीले जिल्ला प्रहरी कार्यालय सप्तरीमा २०६४ असार १४ गते सिंहसमेत नौ जनामाथि किटानी उजुरी दिएकी थिइन् । उक्त विषयमा जाहेरीपरेपछि अदालतमा बयान दिन समेत नआएर सिंह फरार थिए ।

२०६४ साल असार ९ गते तत्कालिन नेकपा माओवादीका नेता दिपु भनिने गोविन्द चौधरीलाई साविकको बोदेबर्साइन गाविस ४ बाट अपहरण गरी सोही दिन नेङ्गडा गाविस ५ बैरिया टोलमा पाँचवटा गोली हानी हत्या गरिएको जाहेरीमा उल्लेख छ ।

# जसपाले तोक्यो मधेस प्रदेश समितिका जिल्ला इन्चार्ज र सहइन्चार्ज

**दैनिक समाचारदाता**
**काठमाडौं, १८ भदौ ।**

जनता समाजवादी पार्टी (जसपा) नेपालले मधेस प्रदेश समितिका आठ जिल्लामा इन्चार्ज र सहइन्चार्ज तोकेको छ ।

प्रदेश समितिको बैठकले आठवटै जिल्लाका इन्चार्ज र सहइन्चार्जको जिम्मेवारी तोकेको सो पार्टीका प्रचारप्रसार तथा प्रकाशन विभाग प्रमुख पूर्ण बस्नेतले जानकारी दिएका छन् ।

उनका अनुसार सप्तरीको इन्चार्जमा बादलप्रसाद यादव र सहइन्चार्ज छेदी यादव, सिरहाको इन्चार्जमा कौशलेन्द्र यादव र सहइन्चार्जमा विष्णुकुमार साह, धनुषाको इन्चार्जमा राजनारायण यादव र सहइन्चार्जमा शैलेन्द्रकुमार यादव, महोत्तरीको इन्चार्जमा अशोककुमार यादव र सहइन्चार्जमा राजिवकुमार यादवलाई तोकिएको छ ।

यसैगरी सर्लाहीको इन्चार्जमा रामआशिष यादव र सहइन्चार्जमा सञ्चमाया मोक्तान, रौतहटको इन्चार्जमा चन्देश्वर महतो र सहइन्चार्जमा राजकुमार दास, बाराको इन्चार्जमा सिहासन कलवार र सहइन्चार्जमा सोहन शर्मा तथा पर्साको इन्चार्जमा अवधभूषण यादव र सहइन्चार्जमा दीपक यादव रहेका छन् ।

# पहिचान नखुलेका शव र हराएका व्यक्तिको विवरण वेबसाइटमा

काठमाडौं, १८ भदौ (रासस) ।

नेपाल प्रहरीले पहिचान नखुलेका शव र हराएका व्यक्तिको विवरण राखिएको वेबसाइट उद्घाटन गरेको छ ।

प्रहरी प्रधान कार्यालयमा आइतबार आयोजित कार्यक्रममा प्रहरी महानिरीक्षक बसन्तबहादुर कुँवरले पहिचान नखुलेका शव तथा हराएका व्यक्तिहरूको विवरण राखिएको वेबसाइट udb.nepalpolice.gov.np को आइतबार उद्घाटन गर्नुभएको हो ।

कार्यक्रममा उहाँले निर्माण भएको वेबसाइटको सुरक्षाको साथसाथै नागरिक एपमा जोड्न सके अझै प्रभावकारी हुने बताउनुभयो । उहाँले वेबसाइटलाई कुनै पनि समस्या नआउने गरी प्रभावकारीरूपमा सञ्चालन गर्दै धेरैभन्दा धेरै सरोकारवाला व्यक्तिको पहुँचमा पुऱ्याई बढीभन्दा बढी पहिचान नखुलेका शव तथा हराएका व्यक्तिको सनाखत गर्न सहज र सक्षम हुने विश्वास व्यक्त गर्नुभयो ।

*बाँकी अन्तिम पृष्ठमा*

# मिटरब्याजी साह बिरुद्ध पीडितहरुद्वारा उजुरी



**दैनिक समाचारदाता**
**राजविराज, १८ भदौं ।**

फरार रहेकी एक मिटरब्याजीलाई पक्राउ गर्न माग गर्दै सोमबार पीडितहरुले जिल्ला प्रशासन कार्यालय सप्तरीमा उजुरी दिएका छन् ।

सप्तरीको खडक नगरपालिकाबाट आएका दुई दर्जन मिटरब्याजी पीडितहरुले सोही नगरपालिका १० की मिटरब्याजी फुलकुमारी साह बिरुद्ध प्रमुख जिल्ला अधिकारीलाई उजुरीपत्र बुझाएका हुन् ।

प्रदेश सांसद माला कर्ण, नेकपा एकीकृत समाजवादीका केन्द्रिय परिषद् सदस्य शत्रुहनप्रसाद आजादको अगुवाईमा २४ जना मिटरब्याजी पीडितहरुद्वारा हस्ताक्षरित उजुरी पत्रमा घर, जग्गा र सुनचाँदी बन्धकी राखेर चर्को मिटरब्याज असुली गर्ने ५५ वर्षिया साहलाई अविलम्ब पक्राउ गरि पीडितलाई न्याय दिलाउन माग गरिएको छ ।

साहको चर्को मिटरब्याजबाट पीडित ३० वर्षिया ललितादेवी साहले ब्याज र ऋण असुलीको नाममा आफूहरुको उठीवास गराउन लागदा तनावमा आएका श्रीमान् दिरिपलाल साहले २० दिनअघि आत्महत्या गरेको बताइन् । उनले सरकारद्वारा गठित अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी सहायता कक्षमा समेत उजुरी दिएको एक महिना बितिसक्दा पनि मिटरब्याजी साहलाई प्रहरीले पक्राउ गर्न नसकेको गुनासो पोखिन ।

मिटरब्याजीबाट पीडितहरुले जिल्ला प्रशासन कार्यालयमा दिएको निवेदनमाथी सुनुवाईमा ढिलो हुँदा पीडितहरु थप पीडामा परेको प्रदेशसभा सदस्य कर्णको भनाई छ । मिटरब्याजी साहले ऋण दिँदा मनपरी ब्याज असुल्ने र घरघडेरी कब्जा गर्दा गरिबको उठिवास भएकाले साथ दिन आएको उनले बताइन् ।

उजुरी बुझ्दै प्रमुख जिल्ला अधिकारी किरण थापाले पीडितलाई न्याय दिलाउन आफूले तत्कालै आवश्यक पहल गर्ने प्रतिबद्धता जनाएका छन् । साहमाथी जग्गा तथा सुनचाँदीको गरगहना बन्धकी राखेर चर्को मिटरब्याज असुली गर्ने र कतिपय व्यक्तिले लिएको ऋणको ब्याज र साँवा चुक्ता गरिसकेपनि धितो फिर्ता नगरेको आरोप छ ।


## डेंगीबाट बचौं

- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरूमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरू आउनु।
- वाकवाकी लाग्नु वा वान्ता हुनु।

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### चाड पर्वको आवगमनसँगै चर्को मूल्य बृद्धि

नेपालमा विगतका वर्षदेखी नै जब चाडवपर्वको आवगमन हुन्छ तब उपभोक्ताको ढाड सेक्ने गरि चर्को मुल्य बृद्धि हुनेगरेको छ । दैनिक उपभोग्य बस्तुहरुदेखी लिएर अन्य बस्तुमा अहिले भारी मुल्य बृद्धि भएको छ । हरियो तरकारीदेखी पेट्रोलियम पदार्थमा समेत मुल्य बृद्धि भएको छ । पेट्रोलिय पदार्थ अन्तरगत खाना पकाउने ग्यासमा २ सय भन्दा बढी मुल्य बढेको छ । भने पेट्रोल र डिजेलमा प्रति लिटर ५ रुँपैया बृद्धि भएको छ । विभिन्न चार्ड पर्व अहिले मनाइरहेको बेला तथा हिन्दुहरुको महान चाड वडा दशैं आउन डेढ महिना बाँकी रहँदा ती बस्तुहरुको मुल्यमा बृद्धि भएपनि सम्बन्धीत निकायको ध्यान आकृष्ट हुन सकेको छैन् । दैनिक उपभोग्य बस्तु चामल, दाल, खाने तेल लगायत अन्य बस्तुहरुमा मुल्य अत्याधिक बृद्धि भएको छ । केही दिनअगाडी सम्म सामान्य मुल्य बृद्धि भएपनि अहिले ह्वातै मुल्य बृद्धि भएपछि उपभोक्ताहरु मारमा परेका छन् ।

यस्तै तरकारी लगायत हरियो सागसब्जीहरुमा मुल्य मुल्य बृद्धि भएको छ । आलु अहिले ४० पुगेको छ भने प्याजको ८० तथा टमाटरको मुल्य १ सय ५० पुगेको छ । हरियो तरकारीमा साग भने २० देखी ३० रुँपैया पाउकै भएको छ । यो मुल्य मध्यम वर्गका लागि पनि नौलो भएको छ । यसरी सबै थोकमा मुल्य बृद्धि भएपछि उपभोक्ताहरुको दैनिकी बजेटले भ्याउन सकिरहेको छैन् । एक त पहिलेदेखी निकै अर्थतन्त्रको अवस्था खस्किदो रहेको बेला मुल्य बृद्धिले झनै जनता मारमा परेका छन् । उपभोक्ता मारमा पर्दा समेत सम्बन्धीत निकाय मौन रहेको छ ।

यस्ता मुल्य बृद्धि नियन्त्रणका लागि सम्बन्धीत निकायको ध्यान जान नसक्नु गम्भिर त्रृटी हो । मुल्य बृद्धितर्फ सम्बन्धीत निकायको ध्यान आकृष्ट हुनु अति आवश्यक छ । मुल्य बृद्धिले चाडपर्व नै खल्लो हुने संकेत देखिएको छ । तसर्थ यसप्रति सम्बन्धित निकाय गम्भिर हुनु आवश्यक छ ।

# भ्रष्टाचारको फाइल खोलेपछि टुङ्गोमा पुऱ्याउन सांसदको माग

काठमाडौँ, १८ भदौ (रासस) ।

सांसद अर्जुननरसिंह केसीले भ्रष्टाचारका विषयमा छानबिन गरिरहेका प्रहरी अधिकारीको सरुवा गरेर भ्रष्टाचारका फाइल खोलेर टुङ्गोमा नपुग्ने गरी बन्द गर्न लागेकामा आपत्ति जनाउनुभएको छ ।

प्रतिनिधिसभाको सोमबारको बैठकको विशेष समयमा उहाँले सुन काण्डमा गठन हुने उच्चस्तरीय आयोगले प्रतिवेदन संसद्मै पेस गर्ने व्यवस्था गर्न माग गर्नुभयो । सरकारलाई प्रतिवेदन पेस गर्ने गरी आयोग गठन गरिएमा यसअघिका आयोगकै हालत हुने भएकाले संसद्मा पेस गरी छलफल र सार्वजनिक गर्ने व्यवस्था गर्न सांसद केसीले माग गर्नुभएको हो ।

साम्प्रदायिक दङ्गा मच्चाउन खोज्नेका विरुद्ध सरकारको मौनताका कारण बुझ्न नसकिएको उल्लेख गर्नुहुँदै उहाँले दूरसञ्चारका ग्राहक बढ्ने तर राजस्व घट्ने कारणको खोजी गर्नुपर्नेमा जोड दिनुभयो । नेपाल टेलिकम र एनसेल दुवैको ग्राहक बढ्दा राजस्व भने घटेकाले सरकार र सञ्चार मन्त्रालयले यसको छानबिन गर्नुपर्ने सांसद केसीको माग छ । पासाल्हामु राजमार्गको काठमाडौँबाट नुवाकोटको पीपलटार खण्डको बजेट कटौती गरिएकोप्रति उहाँले आपत्ति जनाउनुभयो ।

सांसद विद्या भट्टराईले दैनिक उपभोग्य सामानको मूल्यवृद्धि हुँदा पनि सरकार मूकदर्शक बनेको, लैङ्गिक हिंसाले आत्महत्याका घटना बढेकोतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो । प्रजनन उमेरमा महिलाको आत्महत्याको दर बढेकाले विद्यालयतहको पाठ्यक्रममा मानसिक स्वास्थ्यसम्बन्धी पाठ्यक्रम राख्न र यसलाई प्राथमिकता दिएर काम गर्न उहाँले माग गर्नुभयो ।

सांसद माधव सापकोटाले तातोपानी नाकाको लिपिङ बजारस्थित सरकारी कार्यालयको जग्गा निजीरुपमा कब्जा गरिएकाले तत्काल व्यवस्थापन गर्न माग गर्नुभयो । तत्काल यसको व्यवस्थापन नगरिएमा पछि यो ठूलो समस्या हुने भएकोतर्फ उहाँले सरकारको ध्यानाकर्षण गराउनुभयो । मानसरोवर तीर्थयात्रा गर्ने धार्मिक पर्यटकका लागि तातोपानी नाका अन्य नाकाभन्दा तीन दिन नजिकपर्ने भएकाले पनि यहाँ सरकारले प्राथमिकता दिनुपर्ने सांसद सापकोटाको भनाइ थियो ।

सांसद हरि ढकालले क्रिकेट खेलाडीलाई तलबको व्यवस्था गर्नुपर्ने भन्दै खेल पूर्वाधारको विकासका लागि खेलजगतलाई उपेक्षा गर्न नहुनेमा जोड दिनुभयो । प्रधानमन्त्रीले क्रिकेट खेलाडीलाई दिने भनी घोषणा गरेका रकम अझै नदिएकाले त्यसतर्फ पनि उहाँले सरकारको ध्यानाकर्षण गराउनुभएको थियो ।

सांसद राजेन्द्रप्रसाद लिङ्देनले वैदेशिक रोजगारीमा जानेले विमानस्थलदेखि नै अपमान भोग्नुपर्ने र फर्कंदा पनि उस्तै हुने गरेकाले सुधार गर्न माग गर्नुभयो । सांसद शेरबहादुर कुँवरले अछामको वैद्यनाथ तीर्थलाई व्यवस्थित बनाइनुपर्नेमा जोड दिनुभयो । संसद्ले पारित गरेको बजेट कटौती गरिनु नहुने उहाँको भनाइ थियो ।

सांसद सर्वेन्द्रनाथ शुक्लले धान बाली लगाउने बेलामा वर्षा नभएकाले यस वर्ष रू ५० अर्बको धान आयात गर्नुपर्ने अवस्था आउन लागेकोतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो । भारतले धान र चामल निर्यातमा प्रतिबन्ध लगाएकाले धानको आयात कसरी गर्न सकिन्छ भन्ने चिन्तन गर्न उहाँले सरकारलाई सुझाव दिनुभयो ।

सांसद प्रेम सुवालले खाना पकाउने ग्यासलगायत पेट्रोलियम पदार्थमा गरिएको मूल्यवृद्धि तत्काल फिर्ता लिन माग गर्नुभयो । सांसद प्रभु साह र अमरेशकुमार सिंहले प्रधानमन्त्रीको विदेश भ्रमणमा जन्तीको झल्को दिने गरी उच्च अधिकारीको लर्को जानुपर्ने कारण के हो भनी प्रश्न गर्नुभयो । विगतमा भारत भ्रमण आगामी अमेरिका भ्रमणमा पनि उच्च अधिकारीको लर्को जानुको कारण सांसदहरुले माग गर्नुभएको थियो ।

सांसद सुशीला थिङले सांसद ईश्वरीदेवी न्यौपानेलाई यसअघिको बैठकमा बोलेका विषयलाई लिएर प्रतिपक्षी दलका सांसदले गरेको दुर्व्यवहारप्रति आपत्ति जनाउँदै कारबाहीको माग गर्नुभयो । सांसद युवराज राईले स्रष्टाका सिर्जनाको रक्षा गर्न प्रतिलिपि अधिकार ऐनको कार्यान्वयन गर्न माग गर्नुभयो ।

सांसद सञ्जयकुमार गौतमले कृषि प्रधान देश नेपाल कृषिमा आत्मनिर्भर नहुनु हाँस्यास्पद भएको बताउनुभयो । कृषि, धर्म, संस्कृति र पर्यटन क्षेत्रमा नेपाललाई चुनौती दिनसक्ने देश विश्वमा नभएपनि लापरबाहीले समस्या भएको उहाँको भनाइ थियो । नेपालका पवित्र तीर्थस्थलका रुपमा रहेका धार्मिक क्षेत्रको प्रवर्द्धन गर्नुपर्ने, पर्वतीय पर्यटनलाई पनि प्राथमिकतामा राख्नुपर्ने उहाँको भनाइ थियो ।

सांसद सूर्यकुमारी श्रेष्ठले सङ्घीय शिक्षा विधेयक छिटो अघि बढाउन माग गर्नुभयो । सांसद प्रतीक्षा तिवारीले जनकपुर क्षेत्रमा खानेपानी समस्या समाधान गर्न माग गर्नुभएको थियो ।

# प्राथमिकता प्राप्त योजनाकै प्रगति न्यून

काठमाडौँ, १८ भदौ (रासस) ।

युवा तथा खेलकुद मन्त्रालय मातहत रहेका प्राथमिकता प्राप्त छ योजनामध्ये दुई वटाको वार्षिक प्रगति ५० प्रतिशतभन्दा न्यून रहेको छ ।

मन्त्रालयको वार्षिक प्रगति समीक्षामा राष्ट्रिय युवा परिचालन र खेलकुद विकास कार्यक्रमको प्रभावकारिता र औचित्य नदेखिएको तथा अर्थ मन्त्रालयबाट बजेट रोकिएपछि प्रगति ५० प्रतिशतभन्दा कम भएको जानकारी दिइयो । मन्त्रालयका प्राथमिकता प्राप्त कार्यक्रममध्ये राष्ट्रिय युवा परिचालन कार्यक्रमको ४८ दशमलव ८ र खेलकुद विकास कार्यक्रमको प्रगति ३१ दशमलव ५६ छ ।

नेपाल स्काउट ८० दशमलव ३२, राष्ट्रिय खेलकुद परिषद् ६९ दशमलव ३७, राष्ट्रिय युवा परिषद् ९२ दशमलव १८ र युवा तथा साना व्यवसायी स्वरोजगार कोष ८८ दशमलव २२ प्रगति रहेको आँकडा प्रस्तुत गरियो ।

उक्त मन्त्रालय मातहत राष्ट्रिय गौरव तथा रुपान्तरणकारी आयोजना भने छैनन् । नीतिगत निर्णय हुन नसकेका कारण बेरुजु फछ्र्योटमा समस्या देखिएका कारण उक्त अवधिमा बेरुजु कार्यसमेत प्रभावित भएको उल्लेख छ ।

युवा तथा साना व्यवसायी स्वरोजगार कार्यक्रम भने कोषको रुकम रु एक अर्ब ४१ करोड ३४ लाख कर्जा लगानी गरी १२ हजार ३६ हजार जनालाई स्वरोजगार तुल्याउन सफल भएको उल्लेख छ । युवा तथा साना व्यवसायी स्वरोजगारतर्फ सङ्गठन सरचना केन्द्रमा मात्र भएकाले कर्जा लगानी, अनुगमन र असुली कार्यमा कठिनाइ भएको तथा एउटै व्यक्तिलाई थप कर्जा लगानी गर्न कानुनी समस्या भएकाले व्यवसायलाई दिगोपन दिन चुनौती भएको उल्लेख छ ।

गत आर्थिक वर्षमा स्वरोजगारका लागि सञ्चालन गरिएका व्यवसायमा थप १० हजारले रोजगार प्राप्त गरेको, रु दुई करोड तीन लाख ९६ हजार प्रिमियम भुक्तानी गरी १० हजार १३० को व्यावसायिक र व्यवसायको बीमा गरेको जानकारी दिइयो । सहकारीलाई ब्याज अनुदान दिने, अनुगमन गर्ने तथा नेपाल स्काउट तालिम र विद्यार्थीलाई स्काउटका पोसाक वितरण कार्यमा भने लक्ष्य प्राप्त गरेको तथ्याङक छ ।

**पूर्वाधार निर्माण**

धुर्मुस-सुन्तली फाउण्डेशनको अगुवाइमा निर्माण कार्य प्रारम्भ भएको मैदान लागि छुटचाइएको रु २२ करोड खर्च नभएको तथा कीर्तिपुर मैदानका लागि जडान गर्ने भनिएको लाइटसम्बन्धी ठेक्का रद्द हुनुजस्ता कार्यले पुँजीगत खर्च प्रभावित भएको बताइएको छ ।

आव २०७९/८० मा मन्त्रालयका पुँजीगततर्फ भौतिक प्रगति ३६ दशमलव ६३, वित्तीय प्रगति २७ दशमलव ३१ तथा चालुतर्फ भौतिक प्रगति ८५ दशमलव २ र वित्तीय प्रगति ७७ दशमलव ६४ रहेको तथ्याङ्क प्रस्तुत गरियो ।

बहुवर्षीय ठेक्का विकृत तथा स्रोत सुनिश्चितताका लागि थप बजेट माग गरिएका सो प्राप्त हुन नसकेको तथा साना आयोजनाका लागि स्थान यकिन भई बजेट विनियोजन भएका कारण कार्यान्वयनमा समस्या देखिएको विषयलाई समास्याका रुपमा देखाइएको छ ।

डिपिआर तथा इआइए नभएका आयोजनामा बजेट विनियोजन भएका कारण पनि कार्यान्वयनमा समस्या देखिएको प्रगति समीक्षा प्रतिवेदनमा उल्लेख छ । गत आवमा केन्द्र, प्रदेश र जिल्लास्तरका विभिन्न खेल मैदान तथा कभर्डहल मर्मतसम्भार शीर्षकमा रु एक करोड विनियोजन भएको थियो ।

प्राविधिक इन्जिनियर जनशक्ति कमी भएको तथा जग्गा प्राप्ति नभएका आयोजनामा बजेट विनियाजन भएका कारण कार्यान्वयनमा समस्या देखिएका उल्लेख छ । मूलपानी क्रिकेट रङ्गशालाको ३५ प्रतिशत, भैरहवा क्रिकेट रङ्गशालाका २२ दशमलव ५ कार्य सम्पन्न हुनका साथै महिला क्रिकेट एकेडेमी कोहलपुर

*बाँकी तीन पृष्ठमा*


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# संविधानअनुसार बन्न बाँकी कानूनका अध्ययन प्रतिवेदन पेस

काठमाडौं, १८ भदौ (रासस)।

राष्ट्रियसभाको सोमबारको बैठकमा संविधानअनुसार बन्न बाँकी कानूनको अध्ययन प्रतिवेदन, २०८० छलफल भएको छ। बैठकमा उक्त प्रस्तावको विधायन व्यवस्थापन समितिका सभापति जयन्तीदेवी राईले पेस गर्नुभएको थियो।

उक्त अध्ययन प्रतिवेदनमाथि छलफल गर्दै सांसद सुरेशकुमार आलेमगरले संविधानअनुसार बन्नुपर्ने कानूनलाई जतिसक्दो छिटो बनाउनुपर्नेमा जोड दिँदै र कतिपय बेमेल र विसङ्गतिका कानून पनि बनाउनुपर्ने जरुरी छ। सांसद भैरवसुन्दर श्रेष्ठले सरकारले बनाएको विधेयक पनि संसद्मा नल्याएको उल्लेख गर्दै तत्काल सरकारले उक्त विधेयक संसद्मा पेस गर्न माग गर्नुभयो।

सांसद अनिता देवकोटाले मौलिक हकका कानुन तीन वर्षभित्र बनाउनुपर्ने भए पनि हालसम्म बन्न नसकेको र अन्य कानुनका विधेयक अहिलेसम्म पनि संसद्मा दर्ता नभएकोप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो। मदनकुमारी शाह गरिमाले धेरै मेहनत र अध्ययन गरेर बनाउनुपर्ने कानूनका बारेमा प्रतिवेदन आएको र कानून नहुँदा धेरै समस्या देखिएकाले जतिसक्दो छिटो कानून निर्माण गर्नुपर्नेमा जोड दिनुभयो।

सांसद मोहम्मद खालिदले संविधान र कानुन निर्माणपछि धेरैले अधिकार प्राप्त गरेपनि मुस्लिम समुदाय कानून नबनेको कारणपछि परेको प्रधानमन्त्रीसमक्ष राख्नुभयो। सांसद तुलप्रसाद विश्वकर्माले छुवाछुतसम्बन्धी ऐन प्रभावकारी कार्यान्वयन नहुँदा अहिले पनि जातीय छुवाछुत अन्त्य नभएको र आगामी दिनमा कानून बनाउँदा जातीय आधारमा हुने र अन्य खालका विभेद्को अलग ऐन बनाउनुपर्ने सुझाव दिनुभयो।

सांसद डा बिमला राई पौडेलले शिक्षासम्बन्धी कानून नहुँदा परेको असर, निजामती ऐन नहुँदा प्रभावकारी रुपमा काम हुन नसकेको र बनेका कानूनको पनि प्रभावकारी कार्यान्वयन गरेर जानुपर्नेमा जोड दिनुभयो। सांसद राजेन्द्रलक्ष्मी गैरेले कानूनले प्रतिवेदन सरकारको एउटा अङ्ग बनाएर कार्यान्वयनका लागि आग्रह गर्दै कानून भए पनि कार्यान्वयन प्रभावकारी नहुँदा अराजकता मौलाएकोप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसद दिलकुमार रावलले कानुन निर्माण गर्ने संसद्ले विजनेस नपाएर बसेको अवस्थामा भएको र झण्डै एक सय ८१ कानुन बनाउनका लागि सरकारले ध्यान दिनुपर्नेमा उहाँको जोड थियो।

सांसद गङ्गाकुमारी बेल्बासेले नेपालको संविधानमा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका हुने व्यवस्था गरिएको भए पनि थुप्रै नयाँ कानून अहिलेसम्म पनि बन्न सकेको छैन। राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले सुव्यवस्थित रुपमा राज्य सञ्चालन गरी सुशासन कार्यान्वयन गर्न सङ्घीयताको प्रभावकारी कार्यान्वयनका लागि उक्त प्रतिवेदनमा समावेश भएका कानुन बनाउनका लागि दिएको सुझावलाई सरकारले गम्भीरताका साथ लिएर प्राथमिकताका आधारमा संसद्मा पेस निर्देशन दिनुभयो। उहाँले अध्ययन प्रतिवेदनमा उल्लेख भएका विषयसमेत गम्भिरतापूर्वक लिएर कार्यान्वयन गर्न सरकारलाई निर्देशन दिनुभयो।

**प्रतिवेदनमा के छ ?**

नेपालको संविधान जारी भएको सात वर्ष पूरा भइसक्दासमेत संविधानले परिकल्पना गरेका र संविधानको कार्यान्वयनसँग सम्बन्धित आवश्यक कानून बन्न सकेका थिएनन्।

यही परिवेशमा संविधानप्रदत्त अधिकारको प्रचलनमा समस्या सिर्जना भएको भन्ने जनगुनासो व्याप्त रहेको हुँदा सभाको विधेयकन व्यवस्थापन समितिले संविधान कार्यान्वयनका लागि बन्नुपर्ने अत्यावश्यक कानून निर्माणको अवस्थाको अध्ययन गरेको थियो। सो क्रममा बनेका र बन्न बाँकी त्यस्ता कानुनको सूचीकरण गरी अत्यावश्यक कानून तत्काल निर्माण हुने व्यवस्थाका लागि सम्वद्ध सरोकारवालाको ध्यानाकर्षण एवं सिफारिस गर्ने अभियप्रायले अध्ययन कार्य गरिएको हो।

समितिको २०७९ माघ १३ को बैठकले सांसद अनिता देवकोटाको संयोजकत्वमा सदस्य उदयबहादुर बोहरा, भगवती न्यौपाने, भैरवसुन्दर श्रेष्ठ, राधेश्याम पासवान र सुरेशकुमार आले मगर रहनुभएको उपसमिति गठन गरेको थियो। उपसमितिले अध्ययन गरी उक्त प्रतिवेदन तयार गरेको हो। उपसमितिले संविधान कार्यान्वयनका लागि अत्यावश्यक र अनिवार्य कानूनमध्ये बन्न बाँकी कानूनहरूको सूचीकरण गर्ने, संविधान कार्यान्वयनका लागि अत्यावश्यक कानून निर्माणका लागि सरकारको ध्यानाकर्षण गराउने र ती कानून निर्माणमा सम्बद्ध सरोकारवालालाई जवाफदेही बनाउने उद्देश्यले प्रतिवेदन तयार गरेको हो।

प्रस्तुत अध्ययनका क्रममा संवैधानिक प्रबन्धका आधारमा संविधान कार्यान्वयन गर्न आधारभूत रूपमा कम्तीमा एक सय ८१ वटा कानून तर्जुमा गर्नुपर्नेमा सङ्घले एक सय ५१, प्रदेशले २४ र स्थानीय तहले ६ वटा कानून बनाउनुपर्ने प्रतिवेदनमा छ। सङ्घको क्षेत्राधिकारका एक सय ५१मध्ये ४० वटा कानून जारी हुन बाँकी रहेको देखिएको छन्।

त्यसका अतिरिक्त संविधानको अनुसूची-५देखि अनुसूची-९ सम्म व्यवस्था भएका एकल तथा साझा क्षेत्राधिकारका विषय कार्यान्वयनका लागि तीन वटै तहका विधायिकाद्वारा आवश्यकताका आधारमा थप कानून निर्माण हुनुपर्ने विषयसमेत छन्। राष्ट्रियसभाको अर्को बैठक यही भदौ २४ गते आइतबार ११ बजेर १ मिनेटमा बस्ने बस्नेछ।

*प्राथमिकता प्राप्त ...*

र पोखराको ब्लक निर्माण सुरु भएको छ।

महेन्द्रनगर क्रिकेट रङ्गशाला र सुर्खेतको मैदान तयार गर्ने तथा बूढानीलकण्ठ क्रिकेट रङ्गशालाको पर्खाल लगाउने काम भइरहेको उल्लेख छ। गत आवमा राष्ट्रिय खेलकुद परिषद्को समन्वय र सहकार्यमा खेलकुद सङ्घमार्फत राष्ट्रियस्तरका ४८ र अन्तर्राष्ट्रियस्तरका २४ वटा खेलकुद प्रतियोगिता सम्पन्न भएको विषयलाई मुख्य उपलब्धि मानिएको छ।

यसैबीच, खेलकुद परिषद्ले दक्षिण एशियाली खेलकुद प्रतियोगितामा स्वर्ण पदक प्राप्त गर्ने र एशियाली खेलकुद प्रतियोगितामा पदक जित्ने १९२ खेलाडीलाई मासिक रु छ हजार प्रदान गर्दै आएको छ। सरकारले प्रथम ओलम्पियन पाँच खेलाडीलाई रु १० हजार र ओलम्पिकमा सहभागी हुने ५९ जनालाई रु चार हजारका दरले मासिक भत्ता उपलब्ध गराइरहेको छ।


## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खवर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङ्कन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२

जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक


## विश्व समाचार

### नासाको स्पेसएक्स क्रू-६ छ महिनापछि पृथ्वीमा फर्कियो

लस एन्जलस, १८ भदौ (रासस/सिन्ह्वा)।

अमेरिकाको राष्ट्रिय हवाई यातायात तथा अन्तरिक्ष प्रशासन (नासा) ले स्पेसएक्स ड्रागन अन्तरिक्षयानमा सवार आफ्नो स्पेसएक्स क्रू-६ का अन्तरिक्ष यात्रीहरु सोमबार बिहानै दक्षिणपूर्वी अमेरिकी राज्य फ्लोरिडाको तटीय क्षेत्रमा सुरक्षित अवतरण गरेको जनाएको छ।

नासाका अन्तरिक्ष यात्री स्टेफन बोवेन र वुडी होवर्ग, संयुक्त अरब इमिरेट्स (यूएई) का अन्तरिक्ष यात्री सुल्तान अल नेयादी र रूसको राष्ट्रिय अन्तरिक्ष निगमका अन्तरिक्ष यात्री आन्द्रे फेद्याएभसहित चार सदस्यीय अन्तर्राष्ट्रिय चालक दल फ्लोरिडाको तटमा सोमबार राति १२ः१७ बजे प्यारासुटको सहयोगमा पृथ्वीमा सकुशल अवतरण गरेको हो।

अन्तरिक्षयान अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्र (आईएसएस) बाट ग्रीनविच समय अनुसार आइतबार ११ः०५ मा छुटेको थियो। मार्च २ मा फ्लोरिडास्थित नासाको केनेडी स्पेस सेन्टरबाट प्रक्षेपण गरिएको यो मिसन अर्को दिन आईएसएसमा जोडिएको थियो।चालक दलका सदस्यहरू छ महिनादेखि आईएसएसमा बसेर काम गरिरहेका थिए।

नासाका अनुसार मिसनको क्रममा चालक दलले पृथ्वीको तल्लो कक्षभन्दा बाहिर अन्वेषणका लागि तयारी गर्न र पृथ्वीमा जीवनलाई फाइदा पुऱ्याउन सयौं प्रयोग र प्रविधि प्रदर्शनहरूमा योगदान पुऱ्याएका थिए।

### दुई लाख श्रीलङ्काली रोजगारीका लागि विदेश पलायन

कोलम्बो, १८ भदौ (रासस/सिन्ह्वा)।

श्रीलङ्काको वैदेशिक रोजगार विभागमा दर्ता भई यस वर्ष हालसम्म दुई लाखभन्दा बढी श्रीलङ्काली वैदेशिक रोजगारीमा गएका छन्।सन् २०२२ मा करिब तीन लाख ११ हजार श्रीलङ्काली वैदेशिक रोजगारीका लागि प्रस्थान गरेको र यस वर्ष पनि त्यति नै सङ्ख्यामा श्रीलङ्काबाट बाहिरिने अनुमान गरिएको श्रम तथा वैदेशिक रोजगारमन्त्री मानुषा नानायककाराले बताउनुभयो।

यसैबीच विदेशमा रहेका श्रीलङ्कालीहले सन् २०२३ को पहिलो छ महिनामा दुई अर्ब ८० करोड अमेरिकी डलरभन्दा बढी रकम स्वदेश पठाएका छन्।कामदारहरूको विप्रेषण श्रीलङ्काको विदेशी मुद्रा आयको एक प्रमुख स्तम्भ भएको छ। यसले बढ्दो व्यापार घाटाविरुद्ध पर्याप्त योगदान प्रदान गर्दछ र देशको बाह्य क्षेत्रको लचिलोपनलाई बढावा दिन्छ। श्रीलङ्काको केन्द्रीय बैंकले ब्याजदर बढाउनु र अत्यावश्यक वस्तुहरूको आयात कटौतीपछि औषधि, खाद्यान्न र ग्यासजस्ता वस्तुहरूको कमीले जीवन कष्टकर भएपछि श्रीलङ्काली नागरिक आन्दोलित भएका थिए।

आन्दोलनका भरमा श्रीलङ्काका राष्ट्रपति गोटाबाया राजापाक्षले राजिनामा दिनु परेको थियो भने लामो राजनीतिक अनुभव सम्हालेका वर्तमान् राष्ट्रपति रनिल विक्रमासिङ्घेको नेतृत्वमा स्थितिलाई सम्हाल्ने काम भएको छ। सुधारका सङ्केत देखिउका छन्। मुद्रास्फीति घटेको छ र आर्थिक गतिविधि सामान्य देखिन थालेका छन्। यद्यपि, आर्थिक सङ्कटले पारेको घाउहरू निको हुन निकै समय लाग्ने देखिएको छ।

### चीनसँगको फलदायी वार्ता भएको आईएमएफ प्रमुखको भनाइ

बेइजिङ, १८ भदौ (रासस/एएफपी)।

अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) की प्रमुखले सोमबार चीनको भ्रमण सम्पन्न गर्ने क्रममा चीनका उच्च अधिकारीसँग भएको 'फलदायी र ठोस' वार्ताको प्रशंसा गर्नुभएको छ।

महामारीबाट समग्र विश्वव्यापी आर्थिक पुनरुत्थान सुस्त भइरहेको र यस वर्ष विश्वव्यापी आर्थिक वृद्धिको लागि आफ्नो दृष्टिकोणमा केही सुधार गरिएको आईएमएफले जुलाईमा जानकारी गराएको थियो।

विश्वको दोस्रो ठूलो अर्थतन्त्र चीनमा आईएमएफले सन् २०२३ मा ५.२ प्रतिशतले आर्थिक वृद्धि हुने प्रक्षेपण गरेको छ। हालैका महिनाहरूमा कमजोर उपभोक्ता माग, उच्च युवा बेरोजगारी र महत्वपूर्ण सम्पत्ति क्षेत्रको सङ्कटले कोभिड-१९ पछि कमजोर अवस्थामा पुगेको आर्थिक वृद्धि दरमा थप वृद्धि भएको आईएमएफले जनाएको छ।

अन्तर्राष्ट्रिय मुद्रा कोषकी प्रबन्ध निर्देशक क्रिस्टालिना जर्जिएभाले प्रधानमन्त्री ली खछ्याङ, उपप्रधानमन्त्री हे लिफेङ, केन्द्रीय बैंकका गभर्नर पान गोङसेङ र अर्थमन्त्री लिउ कुनलगायत चिनियाँ नेतृत्वसँग निकै फलदायी र ठोस छलफल भएको बताउनुभयो। समूहले 'विश्व अर्थतन्त्रको अवस्था र यहाँ चीनमा भएका घटनाक्रमका बारेमा' कुरा गरेको जर्जिएभाले सामाजिक सञ्जाल 'एक्स'मा पोस्ट गरिएको एक भिडियोमा बताउनुभएको छ।

बुल्गेरियाली अर्थशास्त्री जर्जिएभाले भन्नुभयो, "हामीले चीन सरकारले (वृद्धि) लक्ष्यलाई अगाडि बढाउन चालेका कदमहरूको बारेमा कुरा गऱ्यौं। यो लक्ष्य 'चीनका लागि र समग्र विश्वका लागि महत्वपूर्ण' थियो।"उहाँले भन्नुभयो, "कोभिड र युद्धको झट्काको प्रभावबाट धेरै देशहरू असुरक्षित भएको विश्वमा आईएमएफसँग उनीहरूलाई सहयोग गर्न वित्तीय शक्ति हुनु महत्वपूर्ण छ।

उहाँले भन्नुभयो, "विश्वव्यापी वित्तीय सुरक्षाको केन्द्रमा आईएमएफको भूमिकालाई मान्यता दिएकोमा म चीनप्रति आभारी छु।"जर्जिएभाले साङ्घाईका मेयर र ब्राजिलका पूर्वराष्ट्रपति डिल्मा रुसेफलाई पनि भेटेको बताउनुभयो। आईएमएफ प्रमुखले मार्चमा चीनका नीति निर्माताहरूलाई उत्पादकत्व बढाउन र अर्थव्यवस्थालाई लगानीबाट टाढा राख्न र अधिक टिकाउ उपभोग-आधारित वृद्धिको दिशामा पुनः सन्तुलित गर्न आग्रह गरेका थिए।

# संस्थाको स्थापना दिवसको अवसरमा रक्तदान



**दैनिक समाचारदाता**
**राजविराज, १८ भदौ ।**
जनज्योती कृषि सहकारी संस्था लि. राजविराज ९ मलेठले १२ औं स्थापना दिवसको अवसरमा सोमबार रक्तदान कार्यक्रमको आयोजना गरेको छ ।

संस्थाका अध्यक्ष विश्वनाथ मण्डलको अध्यक्षतामा आयोजित रक्तदान कार्यक्रममा १३ पुरुष र ५ महिला गरि १८ जना शेयर सदस्य तथा कर्मचारीहरुले रक्तदान गरेको अध्यक्ष मण्डलले जानकारी दिएका छन् ।

भदौ १५ गतेदेखी संस्थाले विभिन्न कार्यक्रमको आयोजना गरि आफ्नो स्थापना दिवस मनाइरहेको छ । जसअन्तरगत भदौ १५ देखी ३० गतेसम्म सदस्य भेटघाट, गुनासो तथा सुझाव संकलन, १८ गते रक्तदान तथा असोज १ गते बिचार गोष्ठी आयोजना हुने संस्थाले जनाएको छ ।

# चिकित्सा शिक्षा ऐन संशोधनको माग

काठमाडौं, १८ भदौ (रासस) ।
चिकित्सा शिक्षा सरोकार सङ्घर्ष समितिले चिकित्सा शिक्षा ऐन संशोधनको माग राख्दै सुरु गरेको तेस्रो चरणको धर्ना २४औं दिनमा पुगेको छ ।

ऐनमा भएका कतिपय व्यवस्था विभेदकारी रहेको दाबी गर्दै माइतिघरमा सुरु भएको धर्ना अझै पनि सहमतिमा पुग्न नसकेको सङ्घर्ष समितिका संयोजक निर्मल सापकोटाको भनाइ छ ।

“हाम्रा मागबारे सरकारसँग पटक-पटक छलफल भएको छ तर सहमति हुन सकेको छैन”, उहाँले भन्नुभयो । उहाँले विसं २०७७ देखि आफ्ना माग चिकित्सा शिक्षा आयोग, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी), स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयमा राख्दा पनि सम्बोधन नभएकाले धर्नामा बस्न बाध्य भएको बताउनुभयो ।

सङ्घर्ष समितिले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ कार्यान्वयनमा आलटाल भएको, ऐनमा भएका व्यवस्थाको गलत व्याख्या गरिएको तथा ऐनका कतिपय व्यवस्था उल्लङ्घन गरिएकाले चिकित्सा शिक्षा अध्यापन गराउने शिक्षण संस्थामा मारमा परेको समितिको दाबी छ ।

समितिले सिटिइभिटी पुनःसंरचना, प्रि-डिप्लोमा तहका स्वास्थ्य कार्यक्रम स्तरोन्नति, नर्सिङ कलेजमा तत्काल भर्ना खोल्नुपर्ने, कलेज बन्द हुँदा रोजगारी खोसिएका पेसाकर्मी तथा कर्मचारको रोजगारीको निश्चित गर्नुपर्ने, छात्रवृत्तिमा भइरहेको विभेद् अन्त्यलगायत १४ वटा माग सरकार समक्ष राखेको छ ।

चिकित्सा शिक्षा ऐन र नियमावलीमा व्यवस्था नभएको प्रमाणपत्र र स्नातक तहका कार्यक्रम एउटै शिक्षालयमा सञ्चालन गर्न नपाउने आन्तरिक कार्यविधि अव्यवहारिक रहेको सङ्घर्ष समितिका व्यवस्थापक पशुपति मरहट्टाको दाबी छ ।

उहाँले प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ भेट गरी समितिले राखेका मागबारे जानकारी गराएको बताउनुभयो । सो अवसरमा प्रधानमन्त्री दाहालले माग सम्बोधनमा सरकार गम्भीर रहेको प्रतिक्रिया दिनुभएको उहाँको भनाइ छ ।

“प्रधानमन्त्रीज्यूले आन्दोलन फिर्ता लिन आग्रह गर्दै माग सम्बोधन गर्न सरकार तयार रहेको बताउनुभएको छ”, उहाँले भन्नुभयो, “प्रधानमन्त्रीसँगको भेटपछि धर्ना समय एक घण्टा घटाइएको छ ।”

यद्यपि आफ्ना माग ठोसरुपमा माग सम्बोधन नभएसम्म आन्दोलन जारी रहने उहाँको भनाइ छ । उहाँले एक सातासम्म पनि माग सम्बोधन नभए कडा आन्दोलन गर्न समिति बाध्य हुने बताउनुभयो ।

समितिले स्नातक तहमा स्वास्थ्य विज्ञानका सबै कार्यक्रममा औसतमा भर्ना क्षमताको २० प्रतिशतमा सीमित गराइएको, प्रि-डिप्लो, डिप्लोमा र स्नातक तहमा गरी एक हजार तीन सय ३६ विद्यार्थीलाई छात्रवृत्तिको अवसरबाट बञ्चित गराएको दाबी गरेको छ ।

चिकित्सा शिक्षा आयोगले तोकेको शुल्कको आधारमा औसत शुल्कप्रति विद्यार्थी रु पाँच लाख ४३ हजारको दरले वार्षिक रु ७२ करोड ५४ लाख ४८ हजार बराबरको छात्रवृत्ति खेर गएको र नर्सिङ विषयतर्फ तीन हजार चार सय ८० भर्ना क्षमतामा कमी आएको समितिको भनाइ छ ।

# काठमाडौं जिल्ला प्रशासनले भन्यो, राष्ट्रसेवकलाई कर्तव्य पालनामा अवरोध नपुर्‍याउनु

काठमाडौं, १८ भदौ (रासस) ।
काठमाडौं जिल्ला प्रशासन कार्यालयले असल मनसायबाट सम्पादन भएका सरकारी काम र त्यस्तो काममा खटिएका राष्ट्रसेवकलाई निरुत्साहित गर्ने गरी सामाजिक सञ्जालमा व्यक्त भएका अभिव्यक्तिप्रति ध्यानाकर्षण भएको जनाएको छ । सहायक प्रमुख जिल्ला अधिकारी खड्गबहादुर श्रेष्ठले सोमबार विज्ञप्ति जारी गर्दै आफ्नो पदीय जिम्मेवारी र कर्तव्य पालना गर्न बसेका राष्ट्रसेवक कर्मचारीलाई कर्तव्य पालनामा बाधा र अवरोध नपुर्‍याउन आग्रह गर्नुभएको हो ।

उहाँले सामाजिक सञ्जालमा जथाभावी वक्तव्यबाजी नगर्न/नगराउन सम्बन्धित सबैमा अनुरोधसमेत गर्नुभएको छ । लोकतन्त्र र विधिको शासनले कानुनको दृष्टिमा सबै समान छन भन्ने कुरा स्थापित गरेको व्यहोरा स्मरण गराउँदै सहायक प्रजिअ श्रेष्ठले प्रचलित कानुनको बर्खिलाप हुने जुनसुकै गतिविधि नियन्त्रण गर्न स्थानीय प्रशासन तथा सुरक्षा निकाय प्रतिबद्ध रहेको उल्लेख गर्नुभएको छ । उहाँले विधिको शासन प्रत्याभूत गर्न अहोरात्र क्रियाशील निकाय तथा सम्बद्ध राष्ट्रसेवकलाई साथ, सहयोग र हौसला प्रदान गर्न आमनागरिक समक्ष आग्रह पनि गर्नुभएको छ ।

सुरक्षाकर्मी एवं कर्मचारी विद्यमान कानुन एवं नीति निर्देशनको पालना गर्न/गराउन अहोरात्र फिल्डमा खटिएर काम गर्दै आएको उल्लेख गर्दै सहायक प्रजिअ श्रेष्ठले आफूलाई प्राप्त जिम्मेवारी पूरा गर्न खटिने सुरक्षाकर्मी र कर्मचारीलाई जिम्मेवार सरकारी निकाय, पदाधिकारी, नागरिक समाज र आमनागरिकका तर्फबाट उचित सहयोग, समर्थन र हौसला सदैव अपेक्षित हुने बताउनुभएको छ । कार्यक्षेत्रमा खटिएका कर्मचारी वा सुरक्षाकर्मीका बारेमा कुनै गुनासो भएमा तथ्य प्रमाणसहित सम्बन्धित निकायका प्रमुख वा गुनासो सुन्ने अधिकारीसमक्ष जानकारी हुन आएको खण्डमा प्राप्त गुनासोउपर छानबिन गरी आवश्यक निर्णय हुने उहाँको भनाइ छ ।

सरकारी स्रोतसाधनको दुरुपयोग हुन नदिन सार्वजनिक विदाका दिनमा सरकारी सवारीसाधन सञ्चालनमा निगरानी र नियन्त्रण गर्ने कार्य सबै जिल्ला प्रशासन कार्यालयमार्फत विगतदेखि नै हुँदै आएको स्मरण गराउँदै सहायक प्रजिअ श्रेष्ठले यस सन्दर्भमा गृह मन्त्रालयले विभिन्न मितिमा अनुगमन, नियमन र नियन्त्रणका लागि परिपत्रसमेत गर्ने गरेको जनाउनुभएको छ ।

सरकारी कामका लागि बिदाका दिनमा सरकारी सवारीसाधन प्रयोग गर्नुपर्दा तोकिएका अधिकारीबाट जारी भएको सवारी पास प्रयोग गर्न पाउने स्पष्ट व्यवस्था रहेको जनाउँदै काठमाडौं जिल्ला प्रशासनले यसबाट निजी काममा सरकारी सवारी साधनको प्रयोगमा कमी आई मितव्ययिता गर्न मद्दत पुगेको जिकिर गरेको छ । गृह मन्त्रालयको निर्देशनअनुसार सरकारी स्रोत साधनको दुरुपयोग नियन्त्रणका लागि स्थानीय प्रशासन निरन्तर क्रियाशील रहेको छ र भविष्यमा समेत दृढतापूर्वक यो नीति कार्यान्वयन गरिने कार्यालयले जनाएको छ ।

### पहिचान नखुलेका ...

नागरिकस्तर र यससँग सम्बन्धित सरोकारवाला पक्षको सहयोग लिँदै प्रारम्भिकरूपमै शवको सनाखत हुने वातारण सिर्जना गर्ने र त्यस्ता किसिमका विवरण सङ्कलन गरेर वेबसाइटमा राख्ने विषयमा सम्बन्धित विभागले नियमितरूपमा अनुगमन गर्नुपर्ने उहाँले बताउनुभयो ।

कार्यक्रममा वेबपेज निर्माण गर्ने कम्पनी योङगमाइन्ड्स क्रियसन प्रालिका प्रबन्ध निर्देशक डा श्रीधर मरासैनीले वेबसाइटको प्रयोगको प्रभावकारिता र विशेषताका बारेमा जानकारी दिनुभएको थियो ।

दुर्घटना, प्राकृतिक विपद् वा अन्य कारणबाट मृत्यु भई पहिचान हुन नसकेका वा हकवाला वा आफन्तले फेला पार्न नसकी बेवारिसे शवको उचितरूपमा व्यवस्थापन गर्ने उद्देश्यले त्यस्ता शवको विस्तृत विवरणसहित छुट्टै वेबपेज निर्माण गर्ने राज्य व्यवस्था तथा सुशासन समितिको निर्णयबमोजिम वेबसाइट निर्माण गरिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराइड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

**बाढी/पहिरोबाट सतर्क रहौं ।**
– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।
**जनहीतका लागि : राजविराज दैनिक**

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*